# मध्यपश्चिमाञ्चल विश्वविद्यालय, मानविकी र सामाजिकशास्त्र सङ्काय
# मानविकी र सामाजिकशास्त्र केन्द्रीय क्याम्पसअन्तर्गत
# पत्रकारिता र आमसञ्चार विषय छात्रवृत्ति व्यवस्थापन
# निर्देशिका-२०७७

मध्यपश्चिमाञ्चल विश्वविद्यालय सुर्खेत र कर्णाली प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालय सुर्खेतबिच सम्झौता भए बमोजिम मानविकी र सामाजिकशास्त्र सङ्काय, मानविकी र सामाजिकशास्त्र केन्द्रीय क्याम्पसअन्तर्गत पत्रकारिता र आमसञ्चार विषयमा स्नातकोत्तर तहमा अध्ययनरत पाँचजना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने व्यवस्थालाई ब्यवस्थित एवम् सँस्थागत गर्न वाञ्छनीय भएकोले मध्यपश्चिमाञ्चल  विश्वविद्यालय, आर्थिक प्रशासन नियमावली, २०६९ को परिच्छेद १० दफा ४८ (७) बमोजिम जेहेन्दार तथा गरिब, दलित, जनजाती, महिला, मधेशी तथा पछाडी पारिएका बर्ग तथा अपाङ्गता भएका विद्यार्थीहरूका लागि छात्रवृत्तिको व्यवस्था गर्न कार्यकारी परिषदले स्वीकृत गरि यो निर्देशिका जारी गरिएको छ ।

## १. <u>सङ्क्षिप्त नाम र प्रारम्भ :</u>

(क) यस निर्देशिकाको नाम ‘‘मध्यपश्चिमाञ्चल विश्वविद्याल, मानविकी र सामाजिकशास्त्र सङ्काय, मानविकी र सामाजिकशास्त्र केन्द्रीय क्याम्पसअन्तर्गत पत्रकारिता र आमसञ्चार विषयमा स्नातकोत्तर तह अध्ययनरत विद्यार्थी छात्रवृत्ति वितरण सम्बन्धी निर्देशिका, २०७७’’ रहेको छ ।

(ख) यो निर्देशिका कार्यकारी परिषदले निर्णय गरेको मिति देखि लागु हुनेछ ।

## २. <u>परिभाषा :</u>

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियममा-

(क) ‘‘छात्रवृत्ति’’ भन्नाले मध्यपश्चिमाञ्चल विश्वविद्यालय मानविकी र सामाजिकशास्त्र सङ्काय, मानविकी र सामाजिकशास्त्र केन्द्रीय क्याम्पसअन्तर्गत पत्रकारिता र आमसञ्चार विषयमा स्नातकोत्तर तह अध्ययनरत विद्यार्थीलाई प्रदान गरिने छात्रवृत्ति सम्झनुपर्छ ।

(ख) ‘‘विश्वविद्यालय’’ भन्नाले मध्यपश्चिमाञ्चल विश्वविद्यालय सुर्खेतलाई सम्झनुपर्छ ।

(ग) ‘‘सङ्काय’’ भन्नाले मध्यपश्चिमाञ्चल विश्वविद्यालयको मानविकी र सामाजिकशास्त्र सङ्काय सम्झनुपर्छ ।

(घ) ‘‘क्याम्पस’’ भन्नाले मध्यपश्चिमाञ्चल विश्वविद्यालय सङ्गठन तथा शैक्षिक-प्रशासनिक नियमावली, २०६९ को परिच्छेद १० दफा ९१ बमोजिम गठित मानविकी र सामाजिकशास्त्र केन्द्रीय क्याम्पस सम्झनुपर्छ ।

(ङ) ‘‘शिक्षण समिति’’ भन्नाले मध्यपश्चिमाञ्चल विश्वविद्यालय सङ्गठन तथा शैक्षिक-प्रशासनिक नियमावली, २०६९ को परिच्छेद २० दफा १३३ बमोजिम गठित समिति सम्झनुपर्छ ।

(च) ‘‘छात्रवृत्ति छनौट समिति’’ भन्नाले यसै निर्देशिका अनुसार गठित समिति सम्झनुपर्छ ।

(छ) ‘‘विषय विज्ञ’’ भन्नाले पत्रकारिता र आमसञ्चार क्षेत्रमा लामो समयदेखि कृयाशील रही ज्ञान र अनुभव प्राप्त गरेका व्यक्तिलाई सम्झनुपर्छ ।

(ज) ‘‘शिक्षक कर्मचारी’’ भन्नाले मध्यपश्चिमाञ्चल विश्वविद्यालय, मानविकी र सामाजिकशास्त्र सङ्कायअन्तर्गत मानविकी र सामाजिकशास्त्र केन्द्रीय क्याम्पसमा कार्यरत शिक्षक कर्मचारीलाई सम्झनुपर्छ ।

## ३. छात्रवृत्तिका प्रकार :

मध्यपश्चिमाञ्चल विश्वविद्यालय, मानविकी र सामाजिकशास्त्र सङ्काय, मानविकी र सामाजिकशास्त्र केन्द्रीय क्याम्पसअन्तर्गत पत्रकारिता र आमसञ्चार विषयमा स्नातकोत्तर तहमा नियमित रूपमा अध्ययनरत विद्यार्थीलाई तपशील बमोजिमका छात्रवृत्ति उपलब्ध गराइनेछ :

**(क) जेहेन्दार छात्रवृत्तिः** विद्यार्थीको शैक्षिक योग्यताका आधारमा जेहेन्दार (उत्कृष्ट) विद्यार्थीमध्येबाट योग्यता सूचीका आधारमा ८० (असी) प्रतिशत विद्यार्थीलाई यो छात्रवृत्ति प्रदान गरिनेछ ।

**(ख) गरीब तथा समावेशी छात्रवृत्तिः** कमजोर आर्थिक अवस्था भएका र नेपाल सरकारले समावेशी समूहमा वर्गीकृत गरेका समूहका विद्यार्थीमध्येबाट २० (वीस) प्रतिशत विद्यार्थीलाई यो छात्रवृत्ति प्रदान गरिनेछ ।

## ४. छात्रवृत्तिका लागि छनौटका आधार :

तपशीलका छात्रवृत्तिका लागि देहाय बमोजिमका आधारमा आवेदक विद्यार्थीहरुको योग्यताक्रम सूचीमा अधिकतम अङ्क प्राप्त गर्ने विद्यार्थीलाई तोकिएको संख्यामा छात्रवृत्तिका लागि छात्रवृत्ति समितिले छनौट गर्नेछ । अङ्क बराबर ग्रेड प्वाईन्ट एभरेज भएमा सोही तहको प्राप्ताङ्कमा उच्चतम अङ्क प्राप्त गर्नेलाई छनौट गरिनेछ । यसो गर्दा पनि अङ्क बराबर भएमा वा सम्बन्धित तहको प्राप्ताङ्क नदेखिएमा अध्ययनरत तह भन्दा एक तह मुनिको उच्च प्राप्ताङ्क प्रतिशत वा ग्रेड प्वाईन्ट एभरेजका

आधारमा छनौट गरिनेछ। यसो गर्दा पनि अङ्क बराबर भएमा क्रमशः तल्लो तहमा प्राप्त उच्च अङ्क वा ग्रेड प्वाईन्ट एभरेजका आधारमा छनौट गरिनेछ।

**४.१ जेहेन्दार छात्रवृत्ति :**

जेहेन्दार छात्रवृत्तिका लागि प्रथम सेमेष्टरमा विद्यार्थीहरुको लिखित प्रवेश परीक्षाको प्राप्ताङ्क प्रतिशतको चालीस प्रतिशत अङ्क र शैक्षिक योग्यता बापत देहाय बमोजिम ६० (साठी) अङ्क प्रदान गरिनेछ। प्रवेश परीक्षा नभएमा छात्रवृत्तिका लागि लिइने अन्तर्वार्तालाई आधार मानी चालिस प्रतिशत अङ्क दिई उम्मेदवारले प्राप्त गरेको कूल अङ्कका आधारमा योग्यताक्रम सूची तयार गरिनेछ।

| क्र.स. | शैक्षिक योग्यता | विशिष्ट श्रेणी | प्रथम श्रेणी | द्वितीय श्रेणी |
|---|---|---|---|---|
| १. | अध्ययनरत तह भन्दा एक तह मुनिको कुनै एक शैक्षिक योग्यता बापत | ४० | ३५ | ३० |
| २. | अध्ययनरत तह भन्दा दुई तह मुनिको कुनै एक शैक्षिक योग्यता बापत | १२ | १० | ८ |
| ३. | अध्ययनरत तह भन्दा तीन तह मुनिको कुनै एक शैक्षिक योग्यता बापत | ८ | ७ | ६ |

**स्पष्टीकरणः**

(क) कुनै श्रेणी नखुलेको शैक्षिक योग्यता वा उपाधिलाई प्राप्ताङ्क प्रतिशत वा ग्रेड प्वाईण्टको आधारमा निर्धारित हुन आउने श्रेणीको अङ्क दिइनेछ। यसका लागि छात्रवृत्ति समितिले चाहेमा कार्यटोली गठन गरी काम गराउन सक्नेछ।

(ख) समान तहको एकभन्दा बढी शैक्षिक योग्यता वा उपाधि हासिल गरेको अवस्थामा तीमध्ये उच्च श्रेणी प्राप्त सम्बन्धित एक शैक्षिक योग्यता वा उपाधिको मात्र अङ्क दिइनेछ।

(ग) विशिष्ट श्रेणी, प्रथम श्रेणी र द्वितीय श्रेणीलाई मात्र शैक्षिक योग्यताबापतको अङ्क प्रदान गरिनेछ।

(घ) छात्रवृत्तिका लागि मध्यपश्चिमाञ्चल विश्वविद्यालय, मानविकी र सामाजिकशास्त्र सङ्काय, मानविकी र सामाजिकशास्त्र केन्द्रीय क्याम्पस छात्रवृत्ति समितिले तोके वमोजिमको आवेदन फारम तोकिएको मिति भित्र भरी माग गरेका आवश्यक सबै कागजपत्रहरुको प्रमाणित प्रतिलिपिसहित वुझाउनु पर्नेछ। नियम र रित वमोजिम आवेदन नभएमा आवेदन स्वत रद्द हुनेछ।

## ४.२ गरीब तथा समावेशी छात्रवृत्तिः

गरीब तथा समावेशी छात्रवृत्ति सामुदायिक विद्यालयबाट एसएलसी / एसएसई उतीर्ण वा जुन गा.पा./न.पा./उ.म.न.पा./म.न.पा. को स्थायी बासिन्दा हो सो गा.पा./न.पा./उ.म.न.पा./म.न.पा. ले अनुसूची १ बमोजिम विपन्न आर्थिक अवस्था रहेको भनी प्रमाणित गरेको वा नेपाल सरकारले निर्धारण गरेका समावेशी समूह समेतका उम्मेदवारमध्ये तोकिएको आधारमा बढी अङ्क प्राप्त गर्ने विद्यार्थीलाई प्रदान गरिनेछ । गरीब तथा समावेशि आधारका लागि, छुट्याईएको २० (वीस) प्रतिसत कोटालाई शतप्रतिशत मानी देहाय बमोजिमका वर्गीकृत समूहका उम्मेदवारमध्येबाट तोकिएको आधारमा बढी अङ्क प्राप्त गर्नेलाई छात्रवृत्ति उपलब्ध गराईनेछ । यसरी कोटा निर्धारण गर्दा पूर्णाङ्कभन्दा बढी घाताङ्क (फ्याक्सन) आएमा त्यस्तो घाताङ्क जुन समूहको हकमा घाताङ्क आएको हो सोभन्दा लगत्तै पछिको समूहमा सर्दै जानेछ । त्यस्तो समूहका उम्मेदवार नभएमा क्रमशः त्यस पछिका समूहका उम्मेदवारलाई छात्रवृत्रि उपलब्ध गराईनेछ । गरीब तथा समावेशी समूह अन्तर्गतका विभिन्न उपसमूहमा एक तहमुनिको शैक्षिक योग्यतालाई आधार मानी यस समूह अन्तर्गतका विभिन्न उपसमूहका तोकिए बमोजिमका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिनेछ ।

१. गरीब - ३३ प्रतिशत

२. समावेशी- ६७ प्रतिशत

क. महिला-समावेशी ६७ प्रतिशतलाई शत प्रतिशत मानी सोको ५० प्रतिशत

ख. आदिवासी / जनजाति, मधेसी, दलित, अपाङ्ग, पिछडिएको क्षेत्र, एकल महिला- समावेशी ६७ प्रतिशतलाई शत प्रतिशत मानी सोको ५० प्रतिशत

यसरी छात्रवृत्ति कोटा निर्धारण गर्दा दशमलवपछि पाँच वा सो भन्दा माथिको अङ्क आएमा अघिल्लो पूर्णाङ्कमा एक थपिनेछ र दशमलवपछि पाँचभन्दा सानो अङ्क आएमा अघिल्लो पूर्णाङ्क कायम हुनेछ ।

**स्पष्टीकरणः**

(क) यस दफाको प्रयोजनका लागि "पिछडिएको क्षेत्र" भन्नाले नेपाल सरकारले तोकिदिएका अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्लाका स्थायी बासिन्दालाई सम्झनुपर्छ ।

(ख) यस निदेशीकाको खण्ड ३ (ख) को प्रयोजनको लागि "आदिवासी र जनजाति, मधेसी र दलित" भन्नाले आर्थिक र सामाजिक रूपमा पछाडि परेका आदिवासी र जनजाति, मधेसी र दलितलाई सम्झनुपर्छ । यस प्रयोजनको लागि आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका आदिवासी र जनजाती, मधेशी, दलित समुदायको विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ । तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नतोकेसम्मको लागि सम्पूर्ण

आदिवासी र जनजाती, मधेशी, दलितलाई आर्थिक तथा सामाजिक रूपमा पछाडि परेको समुदाय मानिनेछ ।

(ग) यस दफाको प्रयोजनको लागि "पिछडिएको वर्ग / अनुसुचित समुदाय" भन्नाले सम्बन्धित गा.पा./न.पा./उ.म.न.पा र म.न.पा बाट अनुसूची १ बमोजिमको व्यहोरा स्पष्ट खुलाई सिफारिस संलग्न गरेका आर्थिक र सामाजिक रूपमा पछाडि परेका गरीब वा २० प्रतिशत वा सो भन्दा माथिका अपाङ्ग वा दलित वा द्वन्द पिडित वा जनआन्दोलनका घाईतेलाई सम्झनुपर्छ ।

(घ) एकल महिला भन्नाले सम्बन्धित स्थानीय सरकारले एकल महिला भनी प्रमाणित गरेकोलाई बुझिनेछ ।

(ङ) आर्थिक रुपमा विपन्न तथा समावेशी छात्रवृत्तिका लागि देहाय बमोजिमका आधारमा आवेदक विद्यार्थी उम्मेदवारहरुको योग्यताक्रम सूची तयार गरी अधिकतम अङ्क प्राप्त गर्ने उम्मेदवारहरुलाई तोकिएको संख्यामा छात्रवृत्तिका लागि छात्रवृत्ति समितिले छनोट गर्नेछ ।

| **क.स.** | **आधार** | **दिन सकिने अधिकतम अङ्क** |
|---|---|---|
| १. | शैक्षिक योग्यता | ६० |
| २. | पिछडिएको वर्ग/ अनुसुचित समुदाय र गरीव एकल महिला | १० |
| ३. | प्रवेश परीक्षा | २० |
| ४. | महिला | ५ |
| ५. | पिछडिएको क्षेत्र | ५ |

(च) यस दफाका लागि शैक्षिक योग्यताको अङ्क प्रदान गर्दा एसएलसी /एसएसई

(ज) समान तहको एकभन्दा बढी शैक्षिक योग्यता वा उपाधि हासिल गरेको अवस्थामा तीमध्ये उच्च श्रेणी प्राप्त सम्बन्धित एक शैक्षिक योग्यता वा उपाधिको मात्र अङ्क दिइनेछ ।

(झ) छात्रवृत्ति समितिले छात्रवृत्तिका लागि लिईने अर्न्तवार्ताका लागि छुट्टै समिति समेत गठन गर्न सक्नेछ र आवेदक विद्यार्थीको अनुरोधमा सूचना तथा सञ्चार प्रविधिको उपयोग गरेर दूर सादृश्य कुराकानी र सम्मेलनमार्फत पनि अर्न्तवार्ता लिने व्यवस्था मिलाउन सक्नेछ ।

(१) अन्तर्वार्तामा पूर्णाङ्कको सत्तरी प्रतिशतभन्दा बढी वा चालिस प्रतिशत भन्दा घ्टी अङ्क दिनुपरेमा सोको कारण खुलाउनु पर्नेछ । यसरी कारण नखुलाई अधिकतम भन्दा बढी वा न्यूनतम भन्दा घटी अङ्क दिइएको पाइएमा बढीमा सत्तरी प्रतिशत र घटीमा चालिस प्रतिशत अङ्क दिएको मानी गणना गरिनेछ ।

(२) अन्तर्वार्ता समितिको कुनै सदस्यले कारण खुलाई कुनै उम्मेदवारलाई उपदफा (१) बमोजिम सत्तरी प्रतिशत भन्दा बढी वा चालिस प्रतिशत भन्दा कम अङ्क प्रदान गरेको अवस्थामा पनि अन्तर्वाता

समितिका पचास प्रतिशत भन्दा बढी सदस्यले त्यसरी कारण खुलाई अङ्क प्रदान गरेको अवस्थामा मात्र मान्य हुनेछ । अन्यथा बढीमा सत्तरी प्रतिशत र घटीमा चालिस प्रतिशत नै अङ्क मानी गणना गरिनेछ ।

(३) अन्तवार्ताको अङ्क गणना गर्दा अन्तर्वार्ता समितिले प्रदान गरेको अङ्कलाई औसतमा गणना गरिनेछ ।

(४) गरीब तथा समावेशी छात्रवृत्ति नेपाल सरकारको पूर्ण वा आशिंक अनुदान प्राप्त गर्ने सङ्घसंस्था वा विद्यालय वा क्याम्पस वा कार्यालय वा संस्थागत विद्यालय वा निजी क्याम्पस वा दर्तावाल राष्ट्रिय वा अन्तर्राष्ट्रीय गैर सरकारी संस्थामा अधिकृत सरहको पदमा कार्यरत विद्यार्थीले प्राप्त गर्न सक्ने छैनन् ।

## ४.३ छात्रवृत्तिका लागि अनिवार्य सर्तहरुः

(क) छात्रवृत्तिका लागि इच्छुक विद्यार्थीले अनुसूचि २ बमोजिमको आवेदन फाराम भरी क्याम्पसमा बुझाउनुपर्नेछ ।

(ख) क्याम्पसले तोकेको प्रवेश परीक्षा उतीर्ण भई भर्नाका लागि योग्य भएका विद्यार्थी मात्र छात्रवृत्ति छनोटका लागि योग्य उम्मेदवार हुनेछन् ।

(ग) छात्रवृत्ति पाउने विद्यार्थीले दाता र विश्वविद्यालयका सर्तहरु अनिवार्य रुपमा पालन गर्नुपर्नेछ ।

(घ) दाताहरुबाट प्रदान गरिने छात्रवृत्ति विषयको जानकारी विश्वविद्यालयको वेबसाइट र सञ्चार माध्यमबाट प्रकाशन/प्रसारण गरिनेछ ।

(ङ) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले अनुसूची ३ बमोजिमको कवुलियतनामा गरी विश्वविद्यालयमा बुझाउनुपर्नेछ ।

(च) झूटो विवरण वा नक्कली कागजातहरु पेश गरेर छात्रवृत्ति लिने विद्यार्थीको छात्रवृत्ति रद्द गरी प्राप्त गरेको रकम बाँकीसरह असुलउपर गर्नुका साथै प्रचलित कानुनअनुसार कार्वाही गरिनेछ ।

(छ) यो छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीले बिचैमा अध्ययन छोडेमा वा चौथो सेमेस्टरमा बुझाउनुपर्ने शोधपत्र नबुझाएमा क्याम्पसको अभिलेखका आधारमा विश्वविद्यालयले त्यस्ता विद्यार्थीबाट छात्रवृत्तिवापत प्रदान गरिएको रकम असुलउपर गर्नेछ ।

## ४.४ आवेदक विद्यार्थीको योज्ञताक्रम :

छात्रवृत्ति समितिले पहिला जेहेन्दार र त्यसपछि गरीब तथा समावेशी समूहको छात्रवृत्ति प्राप्त गर्ने आवेदक विद्यार्थीको योग्यताक्रमको नामावली सूचि प्रकाशन गर्नेछ । यसरी प्रकाशन गर्दा जेहेन्दार

छात्रवृत्तिमा नाम समावेश हुने विद्यार्थीको नाम गरीब तथा समावेशी समूहमा परेमा निजको नाम हटाइनेछ र सो स्थानमा लगत्तै तल्लो योग्यताक्रमको विद्यार्थीको नाम समावेश गरिनेछ । यस्तै गरीब तथा समावेशी छात्रवृत्ति समूहमा पहिला गरीब उम्मेदवारको नाम प्रकाशन गर्नेछ र त्यसपछि महिला र आदिवासी / जनजाति, मधेसी, दलित, अवलाङ्ग, पिछडिएको क्षेत्र समूहका विद्यार्थीको योग्ताक्रमको नामवली सूची प्रकाशन गर्नेछ । यसरी प्रकाशन गर्दा अघिल्लो समूहमा नाम समावेश भएका विद्यार्थीको पछिल्लो योग्ताक्रममा नाम समावेश भएमा निजको नाम हटाई सो स्थानमा तल्लो योग्ताक्रमको विद्यार्थीको नाम समावेश गरिनेछ ।

## ५. छात्रवृत्ति छनोट समितिः

१. नियमबमोजिम छात्रवृत्ति प्रदान गर्न योग्य विद्यार्थीहरुको छनोट गर्न देहाय बमोजिमको छात्रवृत्ति छनोट समिति रहनेछ :

क) सम्वन्धित शिक्षण समिति अध्यक्ष : अध्यक्ष

ख) विषय विज्ञबाट मनोनित दुईजना : सदस्य

२. विषय विज्ञको मनोनयन पत्रकारिता र आमसञ्चार शिक्षण समितिको अध्यक्षले गर्नेछ ।

३. छात्रवृत्ति सम्वन्धी कुनै विवाद पर्न आएमा कार्यकारी परिषदले दिएको निर्णय अन्तिम हुनेछ ।

## ६. छात्रवृत्ति समितिको  काम, कर्तब्य र अधिकारहरूः

छात्रवृत्ति समितिको काम, कर्तव्य र अधिकारहरू देहाय बमोजिम हुनेछन् :

(क) पत्रकारिता र आमसञ्चार विषय स्नातकोत्तर तह प्रथम सेमेष्टरमा छात्रवृत्तिको कोटा संख्या, छात्रवृत्तिका लागि योग्यता र शर्तहरु प्रष्ट हुने गरी आवेदनको शुरु र अन्तिम मिति लगायत अन्य आवश्यक सबै जानकारीहरू पूरा हुने गरी छात्रवृत्तिका लागि आवेदन आह्वानको सूचना कम्तीमा १५ दिनको म्याद दिई सार्वजनिक रुपमा प्रकाशन गर्ने र वेभसाईटमा समेत प्रकाशन गर्ने व्यवस्था मिलाउने,

(ख) अनलाइनसमेतबाट प्राप्त आवेदनहरू रीतपूर्वक प्राप्त भए नभएको मूल्याङ्कन गरी रीतपूर्वकका निवेदनहरूमध्येबाट छात्रवृत्ति वितरणका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने,

(ग) छात्रवृत्ति वितरणका लागि तोकिए बमोजिमका आधारमा विद्यार्थीहरु छनौट गरी वितरण गर्न आवश्यकता अनुसारका उपसमितिहरु गठन गरी छात्रवृत्ति वितरणका लागि विद्यार्थी छनौट प्रक्रिया सम्पन्न गर्ने,

(घ) निर्देशिकामा व्यवस्था भए अनुसार छात्रवृत्तिका लागि मूल्याङ्कनका आधारहरु आवश्यक भएमा विस्तृतीकरण गर्ने,

(ङ) प्रवेश परीक्षा समितिसँग आवश्यक समन्वय गरी प्रवेश परीक्षाको प्राप्ताङ्क प्राप्त गर्ने,

(च) तोकिएका आधारमा छात्रवृत्ति वितरणका लागि विद्यार्थी छनौट गरी कम्तीमा ७ दिनको दावी विरोधको म्याद राखी छात्रवृत्ति पाउने विद्यार्थीको नामावली क्याम्पसको सूचना पाटी र वेभसाईटमा समेत प्रकाशन गर्ने व्यवस्था मिलाउने,

(छ) आवश्यक प्रमाणका लागि खोज अनुसन्धान गर्नुपर्ने भएमा गर्ने ,

(ज) विशेषज्ञको सेवा लिन आवश्यक पर्ने भएमा सो लिने ब्यवस्था गर्ने,

(झ) उपदफा (च) बमोजिम प्राप्त दावी विरोधउपर आवश्यक छानवीन गरी संसोधन गर्नुपर्ने भएमा संसोधन समेत गरी छात्रवृत्ति पाउने विद्यार्थीको अन्तिम नामावली प्रकाशन गर्ने,

(ञ) छात्रवृत्ति वितरण सम्वन्धी अन्य आवश्यक सबै कार्यहरू गर्ने गराउने,

(ट) कार्यकारी परीषदले दिएका निर्देशन पालना गर्ने ।

**७. बाधा अड्काउ फुकाउने अधिकारः**

यस निर्देशिका बमोजिम छात्रवृत्ति वितरण प्रक्रिया सम्पन्न गर्ने क्रममा कुनै बाधा अड्काउ परेमा कार्यकारी परिषदमा पेश गरी प्राप्त निर्देशन अनुसार छात्रवृत्ति समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

अनुसूची १: दफा ४.२ स्पष्टीकरण (ग) सँग सम्बन्धित

**सिफारिस-पत्र**

श्री मध्यपश्चिमाञ्चल विश्वविद्यालय,

मानविकी र सामाजिकशास्त्र सङ्काय,

मानविकी र सामाजिकशास्त्र केन्द्रीय क्याम्पस

छात्रवृत्ति समिति ।

विषयः आर्थिक रुपमा विपन्नको सिफारिस गरिएको ।

उपरोक्त सम्बन्धमा श्री........................................................................को नाति/नातिनी श्री.................................................................को छोरा/छोरी ..............................जिल्ला ....................................गा.पा./न.पा./उ.म.न.पा/म.न.पा.........वडा बस्ने वर्ष........को श्री/सुश्री/श्रीमती ................................................................. को पारिवारिक आर्थिक अवस्था ......................कारणले विपन्न भएको देखिन आएकोले निजलाई त्यस विश्वविद्यालयबाट आर्थिक रुपमा गरिबका लागि उपलब्ध गराइने छात्रवृत्तिको स्थानमा उम्मेदवार हुन पाउने व्यवस्था गरिदिनु हुन सिफारिस गरिएको छ ।

सिफारिस गर्नेको:-

सही:

नाम:

पद:

कार्यालय:

मिति:

कार्यालयको छाप:

अनुसूची २ : दफा ४.३ (क) सँग सम्बन्धित

**छात्रवृत्तिका लागि आवेदन फाराम**

Annex II: Procedure for Application
Scholarship Form
Submit the completed form along with required enclosures to the Central Campus of Humanities and Social Sciences

S. No. ............. Program: …………….. Batch............

Form Received by: Date: Sign:
(For official use only)

---

Mid-Western University

Application Form

Photo

Scholarship for Journalism and Mass Communication
Read each of the following Items carefully and fill it correctly

(INCOMPLETE FORM WILL BE INVALID)
Which Scholarship are you looking for?

Please Specify
……………………………………………………………………………………………
……………………………………………………………………………………………

1. Name: First name……………………………………………………..
   Middle name……………………………………………………… ☐ Female
   Last name………………………………………………………… ☐ Male
   Jatil Janajati Code No……………………………………………

2. Permanent Residential Address:

Municipality /VM……………………………………… Ward No………..

District: ………………………… Province:…………………………

3. Correspondence Address with Telephone No.:

Municipality /VM.................................................. Ward No...............

District................................................ Province…………………………..

Telephone No ......................................Mobile No………………………..

E-mail: ……………………………………..

4. Currently leaving with: Parents ☐ Relatives ☐ Rent ☐ Other ☐

5. Date of Birth: Years Month Day

a) In Christian era: ………… ………… …………

b) In Bikram Sambat: …………. …………. …………

C) Age as of July 20_ _ …………. ………….. ………….

6. Nepalese citizenship certificate:

Number: ……………….. Date of issue: ………………..Place of issue………………

7. Educational qualification:

i) SLC (High School):

Name of School…………………………………………………………………..

Address: ……………………………………………………………………………..

Year of Passing: ………………………………………………………………….

Division: …………… Total Marks (%): .......................Rank: ………………………..

Scholarship / Free-ship awarded in High School (if any)

☐ Need based ☐ Merit basef ☐ Amount Rs/ Yr: NRs…………….

Scholarship awarding agency.........................................................................

Address: ……………………………………………………………………………..

ii) Intermediate/Higher Secondary Level:

Name of the Institute: …………………………………………………………

Address: ……………………………………………………………………………

Year of Passing……………………………………………………………………

Division: ……………… Total Marks (%): .......................Rank: …………………...

Scholarship / Free-ship awarded in Intermidiate/ Higher Secondary level (if any)

☐ Need based ☐ Merit based ☐ Amount NRs/ Yr: NRs…………….

Scholarship awarding agency.........................................................................

Address: ……………………………………………………………………………..

iv) Bachelor Level:

Name of the Institute: ………………………………………………………………

Address: ……………………………………………………………………………

Year of Passing………………………………………………………………………

Division: ………………. Total Marks (%): .......................Rank: …………………...

Scholarship / Free-ship awarded in this level (if any)

☐ Need based ☐ Merit based ☐ Amount NRs/ Yr: NRs…………….

Scholarship awarding agency.........................................................................

Address: ……………………………………………………………………………

8. Family Status:

Father's Name: ..........................................................................................

Occupation: ……………………………… Position…………………………………

Mailing address: ……………………………………………………………………

Telephone No.: ..................................... Mobile No………………………………

Academic background: ……………………………………………………………

Mother's Name: ……………………………………………………………………

Occupation……………………………… Position: ………………………………..

Academic background………………………………………………………………

Other Members:

| Name | Occupation | Position | Income (NRs) |
|---|---|---|---|
| a) | | | |
| b) | | | |
| c) | | | |
| d) | | | |

| i) Family Income (Annual) | Amount Rs. Per Year |
|---|---|
| Father | NRs……………………….. |
| Mother | NRs……………………….. |

Others NRs…………………………

Total NRs............................................

ii) Family property:

Land: Location............................................................

Area (Ropanis / Bigha)......... ………… Market value (NRs.)…………………….

House: Location.......................................................

Area.……………………… Market value NRs.………………………………………

Construction - Please tick in one only

Wall

- [ ] Cemented Brick / Stone
- [ ] Mud wall of Brick / Stone
- [ ] Wooden Plank/ Bamboo
- [ ] Concrete/ Cement
- [ ] Soil breck
- [ ] Other Materials

Flooring

- [ ] Soil Floor
- [ ] Wooden Plank / Bamboo
- [ ] Soil breck
- [ ] Tile
- [ ] Cemented
- [ ] Cthers

Roofing

- [ ] Thatched/Straw
- [ ] Mud roofing
- [ ] Wooden plank
- [ ] Galvanized iron sheet
- [ ] Cemented
- [ ] Slate/Tile
- [ ] Others

Toilets

- [ ] Toildest with fiush linked with publie Sewerage
- [ ] Toiet with fiush linked with safty tank
- [ ] House hold toilet
- [ ] Public toilet
- [ ] Open space/ Bush

Lighting System

- [ ] Electricity
- [ ] One bulb
- [ ] Gasoline
- [ ] Excrement gas

- [ ] Over/Stove
- [ ] Earthen Stove
- [ ] Improved Stove
- [ ] Kerosene Stove

☐ Mentol (Petrol Max)
☐ Kerosene Lamp/ Tuki
☐ Others

☐ Gas Stove
☐ Others

Drinking Water

☐ Household tap water
☐ Public tap water
☐ Tube well/ covered well
☐ Open well
☐ Others

Distance of bus stop from house

☐ below half an hour walking
☐ half to one hour walking
☐ More than an hour walking distance or no bus stop hereby

iii) Other property Item .................... Market value NRs.)…………………………………

(Market value of land, house & other properties must be endorsed by VDC or Municipality or authorized agency)

9. References (TWO):

Names and addresses of two referees (other than relatives) justifying your financial statements.

i) Name………………………………………………………………………………

Address……………………………………………………………………………..

Telephone No………………………Mobile No……………………………………..

ii)
Name:……………………………………………………………………………………..
Address……………………………………………………………………………………
Telephone…………………………………Mobile No………………………………………
(Referees are requested to provide accurate information about the applicant.)

10. Others (if any): victims of democratic movement/minority (backward) groups (Dalit / Janajati)/physically disabled/orphans.

I certify that the information/details furnished in above form are correct to the best of my knowledge and belief. If found otherwise, the application may be rejected and the scholarship (if awarded) may be withdrawn at any, time and the amount received to be returned within specified time.

…………………………
Applicant's Signature
Contact No.
Date:

……………………………
Guardian's / Parent's Signature
Address:
Name:
Contact No.:
Date:

**Necessary Documents to be submitted with the application form:**

1. Written statement (one page) justifying why you deserve financial assistance.
2. Attested copies ofcitizenship certificate or birth certificate.
3. Attested copies of the academic transcripts / mark sheets and character certificate of S.L.C. level and above.
4. Attested copies of the documents related to the previous scholarships, awards earlier.
5. Recommendation letters from the concerned VM or Municipality or other appropriate government institutions about the financial conditions of the applicant (original & recent).
6. Recommendation letters from two referees explaining the financial condition of the applicant and justifi cation for recommendation.
7. Certificates related to victims of democratic movement/minority (backward) Groups (Dalit/ Janajati)/ physically disabled/orphans from the concerned VDC or Municipality or other Government institutions.

अनुसूची ३ : दफा ४.३ (ङ) सँग सम्बन्धित

**कबुलियतनामा**

जिल्ला..................................गा.पा./न.पा./उ.म.न.पा./म.न.पा. .......................................... वडा नं .......बस्ने श्री ..............................................को नाति............................................को छोरा हाल मध्यपश्चिमाञ्चल विश्वविद्यालय मानविकी र सामाजकिशामस्त्र केन्द्रीय क्याम्पसअन्तर्गत पत्रकारिता र आमसञ्चार विषय स्नातकोत्तर तह............. सेमेस्टरको विद्यार्थी म श्री ..............................................(ना.नं. ......................................) मध्यपश्चिमाञ्चल विश्वविद्यालय सुर्खेत र कर्णाली प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालय सुर्खेतबिच सम्झौता भए बमोजिमको छात्रवृत्तिका लागि छनोट भएकाले मध्यपश्चिमाञ्चल विश्वविद्यालय, मानविकी र सामाजिकशास्त्र सङ्काय मानविकी र सामाजिकशास्त्र केन्द्रीय क्याम्पसअन्तर्गत पत्रकारिता र आमसञ्चार विषय छात्रवृत्ति व्यवस्थापन निर्देशिका-२०७७ का सर्तहरु तथा समय समयमा जारी गरिने सर्तहरुको पूर्ण पालना गर्नेछु । ती सर्तहरु मबाट उलङ्घन हुन गएमा वा परिपालन नभएमा विश्वविद्यालयले कानुनबमोजिम गर्ने कार्वाहीमा मेरो पूर्ण मञ्जुरी छ । साथै, मैले चौथो सेमेस्टरमा बुझाउनुपर्ने शोधपत्र नबुझाएमा छात्रवृत्तिवापत मैले प्राप्त गरेको रकम मेरो घरघरानाबाट सरकारी बाँकीसरह असुलउपर गरेमा मेरो मञ्जुरी भएकोले यो कबुलियतनामा गरी मानविकी र सामाजिकशास्त्र केन्द्रीय क्याम्पसमार्फत मध्यपश्चिमाञ्चल विश्वविद्यालयलाई बुझाएँ । विश्वविद्यालयबाट जारी गरिएका नियम, कानुन तथा नीति निर्देशनको पूर्ण रुपमा पालना गर्नेछु ।

ल्याप्चे सहिछाप

दायाँ बायाँ

छात्रवृत्ति पाउनेको

सही :

नाम :

सम्पर्क ठेगाना :

टेलिफोन :

मिति :

## References


- Scholarship open university
- Scholarship-Mgmt-Rule-20741562503644